आज मिति २०७४ कार्तिक ०७ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - कार्यकारीणी सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - बरिष्ठ अधिकृत | श्री कुमार कंचन जि.सी. | ,, |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | |
| - वरिष्ठ कार्यकम अधिकृत | श्री राजेन्द्र कार्की | |

**<u>निर्णय नं.१</u>:** चालु आ.व.२०७४।०७५ मा लागत सहभागितामा संचालन हुने गरी निम्न योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

वडा नं १: (क) अडमपानी टोल पक्की नाला निर्माण,

(ख) नवआर्दश टोलमा कालोपत्रे सडक निर्माण,

वडा नं २: (क) केराघारी मालेबगर नाला/पिच

वडा नं ३: (क) कृयापुत्री भवन निर्माण,
(ख) पक्की नाला विस्तार तरकारी पसल पार्टी कार्यालयदेखि शान्ती नगरसम्म,

वडा नं ४: (क) भिमबहादुर दरैको घरदेखि निर्माणाधीन पुल्दी पुलसम्म पक्की नाला निर्माण,
(ख) व्यास रेन्जपोष्टबाट खानेपानी कार्यालय हुँदै सुवर्ण मार्ग जोड्ने पिच निर्माण,

वडा नं ६: शिसाघाट बजार हुलाकी मार्ग कास्की सिमाना काट्ने कुलो सम्म कालोपत्रे सडक तथा नाला निर्माण,

वडा नं १०: गणेश टोल बैरेनी पक्की नाला निर्माण ।

वडा नं ११: तल्लो पोल्याङ्ग हुँदै सेरा बजार पिच/नाला

**निर्णय नं २:** आ.व. २०७४।०७५ मा सडक वोर्ड कार्यक्रमबाट निम्न योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

(क) तरकारी बजार अस्पताल मार्ग, व्यास ३
(ख) सिन्धु मार्ग विद्युत प्राधिकरण मार्ग बाटो सधार, व्यास ५
(ग) भड्खलावाट पोखरीभन्ज्याङ्ग बाटो मर्मत सुधार, व्यास १३
(घ) कालिका मार्ग नाला पिच सुधार, व्यास २
(ङ) भादगाउ क्याम्पस मार्ग मर्मत, व्यास १

**निर्णय नं.३:** यस कार्यालयका लागी ६ वटा मोटरसाइकल खरिद गर्नका लागी मूल्यांकन समितिबाट सिफारिस भई आएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** मिति २०७४।७।६ को राजश्व परामर्श समितिको बैठकबाट सिफारिस गरिएका विषयहरु मध्ये ढुंगाखानीको ठेक्काको हकमा कर्मचारीद्वारा नै असुली गर्ने गरी र विज्ञापन कर सम्बन्धमा पून: एकपटक सूचना प्रकाशन गर्ने र त्यसो गर्दा पनि ठेक्का नलागेको खण्डमा सरोकारवालासँग कार्यालयले सिधै सम्पर्क गरी विज्ञापन कर असुली गर्ने र चुन ढुंगाको करका दर सम्बन्धमा कानून अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** व्यास नगरपालिका क्षेत्रभित्र एउटा वधस्थलको आवश्यकता महशुस भएको र यस सम्बन्धमा वडाध्यक्ष श्री काशीराम श्रेष्ठ, श्री प्रेमकुमार श्रेष्ठ, श्री विश्वराज न्यौपाने र प्राविधिक श्री विनोद गौतमबाट प्राप्त प्रतिवेदन अनुसार व्यास न.पा. वडा नं ३ देउराली नगरको बुद्धपार्क टोल अन्तर्गत रहेको अन्दाजी ५ रोपनी सार्बजनिक जग्गामा वधस्थल निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै सो कार्यलाई अगाडि बढाउन निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| वडाध्यक्ष | श्री प्रेमकुमार श्रेष्ठ | -संयोजक |
| वडासदस्य | श्री रविन पौडेल | -सदस्य |
| ,, | श्री श्रीमाया वि.क. | -सदस्य |
| ,, | श्री ओमबहादुर थापा | टोल विकास संस्था |
| | श्री सबिना | टोल विकास संस्था |
| अध्यक्ष | मासु व्यवसायी संघ | |

प्राविधिक शाखा इन्जिनियर श्री रविन्द्रलाल मुल
सरसफाई शाखा प्रमुख शा.अ. श्री कृष्णराज घिमिरे

**निर्णय नं.६:** यस व्यास नगरपालिका नगर प्रमुखलाई नोवेम्वर ८, ९, १० को UCLG ASPAC को आयोजनामा मित्र राष्ट्र चिनको फुन्जाओमा हुने कार्यक्रममा निमन्त्रणा प्राप्त भएकाले उक्त भ्रमण कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** यस व्यास न.पा.लाई आ.व.२०७४/०७५ का लागि प्राप्त वित्तीय समानिकरण र सशर्त अनुदान बजेट अपुग हुने भएकाले सम्बन्धित निकायमा थप बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** यस व्यास न.पा.बाट छाब्दी मार्गमा लगाइएको पटके सवारी करमा मनलागी कर असुल्ने गरेको भन्ने जनगुनासो प्राप्त हुन आएको हुँदा सो गुनासालाई सम्बोधन गर्न सवारी कर सम्बन्धी सूचनामूलक होडिङ्ग बोर्ड राख्ने निर्णय गरियो ।

**निर्णय नं ९:** कुनै पनि योजना संचालन गर्नु भन्दा पहिले लागत इष्टिमेट र सम्झौता गरेर मात्र योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** बोटे जातीको बाहुल्यता भएको व्यास न.पा. वडा नं ५ मा सामुदायिक भवन निर्माण गर्नका लागि रु.५ लाख (पाँच लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** यस व्यास न.पा.भित्र फोहोर मैला उठाने कार्य बिहानदेखि हुँदै आएकोमा आगामी २०७४ कार्तिक १२ गतेदेखि दिनको १० बजेदेखि अपरान्ह ५.०० बजेसम्म गर्ने । सफा सडक व्यस्त सडक भएकाले आलो, पालो गरी बिहानमा फोहोर उठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** यस आ.व.मा व्यास न.पा.मा कार्यरत कर्मचारीहरुका लागि गोल्डेन ह्याण्डचेक कार्यक्रम राखिएको सो कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन नीति तथा शर्तहरु तयार गरी राय सुझाव दिन प्रशासनिक समितिलाई १५ दिनको समय दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** व्यास न.पा.भित्र आलुको बिउको माग अत्यधिक बढेकाले सोको व्यवस्थापनका लागि आलुको बिऊ खरिद गरी वितरण गर्न रु.१,००,०००। (एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४:** व्यास न.पा. वडा नं.३ स्थित श्रीकृष्ण द्वैपायन संस्थाको पर्खाल निर्माणका लागि १,००,०००। (एक लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५:** यस व्यास न.पा. कार्यालयबाट दमौली खानेपानी संस्थामा काजमा गएका कर्मचारीहरुको व्यवस्थापन गर्नका लागि सुझाव सहित प्रतिवेदन दिन निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

श्री काशीराम श्रेष्ठ - संयोजक
श्री प्रेमकुमार श्रेष्ठ - सदस्य
श्री विश्वराज न्यौपाने - सदस्य
श्री माधवप्रसाद अधिकारी - सदस्य
श्री रामचन्द्र न्यौपाने - सदस्य
श्री बुद्धिमान श्रेष्ठ - सदस्य
श्री कुमार कञ्चन जि.सी. सदस्य सचिव

**निर्णय नं १६:** वि.पि. पार्क र कार्यालय परिशरलाई कसरी उपयोग गर्ने बारे गुरुयोजना निर्माण गरिदिन शहरी विकास तथा भवन डिभिजन कार्यालय गोरखालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १७:** यस न.पा. वडा नं ६ स्थित शिशाघाटका मुस्लिम समुदायहरुका सामुदायिक मस्जिद भवन निर्माण गर्न ३,००,०००। (तीन लाख) थप रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** भवन निर्माण संहिता कार्यान्वयन कार्यक्रम प्रथम चरण सफलतापूर्वक संचालन गरिदिनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं । साथै आगामी दिनमा दोस्रो चरणको कार्यक्रम संचालन गरिदिन भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** यस व्यास न.पा. वडा नं २ मनकामना चोकमा बिहान ९.०० बजेदेखि १०.३० बजेसम्म ट्राफिक जाम हुने र दुर्घटना हुने सम्भावना भएकाले ट्राफिक प्रहरीसँग समन्वय गरी व्यवस्थापन गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं २०:** निम्न वडाहरुका निम्न योजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | वडा नं | योजनाको नाम | बिनियोजित रकम |
|---|---|---|---|
| १ | ११ | रातामाटा टोल गणेश मन्दिर निर्माण योजना | १,००,०००। |
| २ | ११ | अर्चलचौर टोल पोखरीमा कम्पाउण्ड तारवार निर्माण | ५०,०००। |
| ३ | ५ | वडा कार्यालय अगाडि नालाको ढक्कन सिंढी निर्माण तथा रंगरोगन | ७१,४१६।५६ |
| ४ | ३ | श्री संस्कृत मा.वि. भवन निर्माण | ४,००,०००। थप |
| ५ | १४ | वडा कार्यालय पहुँच मार्ग स्तरोन्नति | २,९१,२८५।८४ |
| ६ | ५ | पवित्र मण्डली चर्च भवन निर्माण | २,००,०००। |
| ७ | ११ | धरमपानी पुलामीडाँडा अधौली खानेपानी मर्मत तथा वितरण | १,००,०००। |
| ८ | १३ | कमेरी खोल्सी खा.पा.को इन्टेक निर्माण र टंकी तारवार गर्न | ५०,०००। |
| ९ | १३ | वेगाने खोल्सी खा.पा.को पाइप खरिद र हिलट्यांकी खरिद गर्न | ४०४९५। |
| १० | ३ | नेपाल ठकुरी समाज भवन निर्माण | ३,००,०००। |
| ११ | १३ | रुद्राक्ष आमा समूहको अधुरो भवन निर्माण (७४५००) | २,९८,१३०। |

**निर्णय नं.२१:** यस चालु आ.व. २०७४/०७५ का लागि पशुसेवा शाखाबाट प्रस्तुत कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** नेपाल विद्युत प्राधिकरण तनहुँ वितरण केन्द्र दमौलीको च.नं ४२२ मिति २०७४।७।५ को सडक बत्ती विद्युत महशुल वापतको वक्यौता रकम प्रमाणीकरण गरी पठाई दिने बारेको पत्र बैठकमा जानकारी गराइयो । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।२।९ गतेको बैठकले आ.व.२०७३/०७४ सम्मको सरकारी कार्यालयको विद्युत महशुल

बक्यौता रकम अनुदान दिने नीति अनुरुप उपलब्ध गराउन बाँकी अनुदान आधिकारिक निकायबाट प्रमाणित गराई सम्बन्धित मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्ने भन्ने व्यवस्था अनुरुप आ.व.२०७३/०७४ सम्मको यस न.पा.ले भुक्तानी गर्नुपर्ने विद्युत महशुल बक्यौता रकम थप दस्तुर समेत रु.१,९०,१२,५८०।४८ (एक करोड नब्बे लाख बाह्र हजार पाँच सय असी रुपैयां अड्चालीस पैसा मात्र) प्रमाणिकरण गरी पठाउने र चालु आ.व.२०७४/०७५ देखिको महशुल सडक बत्तीको अनुगमन गरी यथार्थपरक संख्या निर्धारण भएपछि मात्र विद्युत महशुल न.पा.ले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** यस कार्यालयमा का.स. पदमा सेवा करारमा नियुक्त भएका नेत्रबहादुर फङ्जा मगरलाई मिति २०७४।०४।०१ देखि नै लागु हुने गरी मासिक रु.१०,०००। (दश हजार) पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं.२४**: यस कार्यालयमा कार्यरत निम्न कुचीकारहरुलाई मिति २०७४।०७।०१ देखि लागु हुने गरी मासिक ज्यालादारीमा नियुक्ति दिने निर्णय गरियो ।
(क) श्री जीवन कुमाल
(ख) श्री भीम वहादुर दरै
(ग) श्री सन्तवहादुर दरै
(घ) श्री गोबिन्द वोटे
(ङ) श्री निमन श्रेष्ठ

**निर्णय नं २५:** व्यास न.पा. वडा नं २ बस्ने वृषराज श्रेष्ठको छोरा वर्ष ३७ को ओमराज श्रेष्ठ पक्ष र व्यास नगरपालिका कार्यालय समेतलाई विपक्षी बनाई जग्गा खिचोला मेटाई सडक संरचना हटाई हक कायम गरी चलन चलाई पाउँ भनी तनहुँ जिल्ला अदालतमा फिरादपत्र दिएको हुँदा सो मुद्दाको अन्तिम किनारा नलाग्दासम्म व्यास न.पा. कार्यालयको तर्फबाट यस न.पा.मा कार्यरत खरिदार श्री विष्णुकुमार जोशीलाई उक्त मुद्दाको प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२६**: तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं १ बस्ने हरी परियारले ऐ.ऐ.को शुक्लागण्डकी नगरपालिका वडा नं १२ माइतीघर बस्ने श्रीमती बिमला परियारसँग सम्बन्ध विच्छेद गरी पाउँ भनी फिराद सरहको निवेदन दिनु भई कानून बमोजिम प्रतिवादी बिमला परियारका नाउँमा म्याद जारी गरी प्रतिउत्तर पत्र परी दुवै पक्षलाई तारेखमा राखी पटक पटक छलफल गराउँदा दुवै पक्षले आआफ्नो फिराद र प्रतिउत्तर पत्रमा लेखिएका कुरामा जोड दिई मिली बस्ने कुरामा दुवै पक्ष सहमत नभएकाले उक्त मुद्दा यस नगरपालिकामा राखी राख्न उपयुक्त नदेखिएको हुँदा उक्त मुद्दाको सक्कल मिसिल सहित सम्मानित श्री तनहुँ जिल्ला अदालतमा पठाउने निर्णय गरियो ।